श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको
सूचना

जिल्ला कार्यालय, स्याङजाको प्र. जि. अ. श्री ललितबहादुर बमलाई गृह पञ्चायत मन्त्रालयमा काजमा राखिएकोले सो पदमा जिल्ला कार्यालय, झापाका प्र. जि. अ. श्री दानबहादुर शाहीलाई र जिल्ला कार्यालय, मुगुको प्र. जि. अ. श्री हिरण्यलाल श्रेष्ठलाई जिल्ला कार्यालय, झापाको प्र. जि. अ. पदमा काज खटाइएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको
सूचना

जिल्ला कार्यालय, मकवानपुरका प्र. जि. अ. श्री यक्षबहादुर कार्कीलाई यस मन्त्रालयमा हाजिर गराइएकोले सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री बयानबहादुर मास्केलाई मिति २०३६।२।१७ देखि का.मु. मुकरर गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

१८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।